अमिन पदमा **करारमा सेवा लिने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७४/ १२/९ )

विज्ञापन नं. ९/०७४/७५

| क्र.सं. | पद नाम | आवश्यक संख्या | कार्यक्षेत्र | पारिश्रमिक तथा सुविधा |
|---|---|---|---|---|
| १ | अमिन | १ | नगरपालिका क्षेत्र | नेपाल सरकारले तोकेबमोजिमको शुरु स्केल |

**१. शैक्षिक योग्यता र अनुभव (नमुना) :**

(१) दरखास्त आव्हान गरेको मितिमा १८ वर्ष उमेर पुगेको ।

(२) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी उत्तीर्ण गरी नेपाल सरकारले तोकेको संस्थाबाट अमिन कोर्ष उत्तीर्ण गरेको

(३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

(५) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(६) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

२. **दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

३. छनौट सम्बन्धि मापदण्ड:

**१. शैक्षिक योग्यता (सूचना अनुसारको न्यूनतम शैक्षिक योग्यताको आधारमा - २० (बीस) अंक,**

१.१ ५०% वा GPA मा C+ वा सो भन्दा माथि प्राप्ताङ्क भएको वा सम्बन्धित विषयमा तोकिए भन्दा माथिल्लो शैक्षिक उपाधि भएको:– २० अंक

१.२ ३२% वा GPA मा D देखि ४९.९९% वा GPA मा D+ सम्म प्राप्त भएको:-१० अंक

**२. कार्यानुभव (सूचना अनुसारको न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात:- २० (वीस) अंक**

२.१ एक बर्षसम्म कार्यालय सहयोगी भई कार्यानुभव भएको:- २० अंक

२.२ कार्यानुभव नभएको लाई:- १० अंक

**३ उम्मेदवारको स्थायी ठेगाना सम्बन्धी:- २५(पच्चीस) अंक**

३.१ यस नगरपालिको स्थायी ठेगाना भएमा - २५ अंक

३.२ सोलुखुम्बु जिल्लाको स्थायी ठेगाना भएमा - १५ अंक

३.३ प्रदेश नं. १ को स्थायी ठेगाना भएमा - ५ अंक ।

**४. समावेशिता- ५(पाँच) अंक**

४.१ दलित, आदिवासी जनजाति, महिला: ५ अंक

**४. अन्तर्वाता सम्बन्धी व्यवस्था- ३०(तीस) अंक**

**५. विविध**

क. Short List मा उत्तीर्ण अंक ५० हुनेछ ।

ख. Short List हुनेलाई मात्र अन्तर्वातामा सहभागी गरिनेछ ।

ग. कार्यालय समय: कार्यालयले तोके अनुसार हुनेछ ।

घ. सेवा अवधि: ३१ असार २०७५ सम्म हुनेछ ।

ङ. परीक्षा दस्तुर: रु ५००।-

## कार्य विवरण:

सोलुदुधकुण्ड नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल

**कार्य विवरण:**

*प्राविधिक कर्मचारीको पद नाम: अमिन* — *काम गर्नुपर्ने स्थान: सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र*
*प्राविधिक कर्मचारीको नाम:*

*सुपरिवेक्षक: ओभरसियर* — *प्रतिवेदन पेश गर्नुपर्ने अधिकारी: ईन्जिनियर*

**कार्य विवरण:**

१. नगरपालिका क्षेत्र भित्रका घर नक्शा पाशको लागि फिल्ड प्रतिवेदन दिने ।
२. सार्वजनिक तथा सरकारी जग्गाको रेकर्ड राख्ने ।
३. नगरपालिका क्षेत्र भित्रका जग्गामा विवाद आएमा उजुरी उपर कारबाही गर्ने ।
४. वडा कार्यालयबाट आएको पत्रमा उल्लेख भए बमोजिम काम काज गर्ने ।
५. अदालतबाट आएको पत्रमा उल्लेख भए बमोजिम काम काज गर्ने ।
६. आवश्यकता अनुसार नापी कार्यालयसँग समन्वय गर्ने ।
७. माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।
८. नगरकार्यपालिकाको कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।